# प्रशासकीय कार्यविधि

नगर सभाको मितिः २०७४/१२/१६ मा स्वीकृत भएको देहाय वमोजिमको ऐन स्थानीय सरकार संचालन

ऐन, २०७४ वमोजिम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

बर्दघाट नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमितगर्ने ऐन, २०७४

प्रस्तावना:नेपालको संविधान, २०७२ को अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यस

नगरपालिकालाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न

वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बर्दघाट

नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

१.संक्षिप्तनाम, विस्तार र प्रारम्भः (१) यो ऐनको नाम बर्दघाट नगरपालिकाको प्रशासकीयकार्यविधि (नियमितगर्ने ऐन,

२०७४ रहेको छ ।

(२) यो ऐन बर्दघाट नगरपालिका क्षेत्रभित्र तु?न्त लागू हुनेछ ।

स्थानीय राजपत्र

२. परिभाषा : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “ऐन” भन्नाले बर्दघाट नगरपालिकाको प्रशासकीय कार्यविधि -नियमित गर्ने ऐन, २०७४ सम्झनु

पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले बर्दघाट नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) “नगरपालिका” भन्नाले बर्दघाट नगरपालिका सम्झनु पर्छ ।

(घ) “सभा” भन्नाले नेपालको संविधान, २०७२ को धारा २२३ बमोजिम गठित नगरसभा सम्झनु पर्छ ।

(ङ) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. नीती तथा नियम बनाउने अधिकार : (१) नेपालको संविधानतः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम

नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने

कार्यविधि नियमित गर्नको निमित्त बर्दघाट नगरकार्यपालिकाले आवश्यक नीति तथा नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नीति तथा नियम बनाउँदा संघीय तथा प्रदेश कानूनबमोजिम नगरपलिकाको
क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउने छ।

४.निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः(१) नेपालको संविधान, संघीय तथा प्रदेश सरकारबाट निर्मित कानून
तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका,
कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ।

**५.आदेश वा निर्देशन जारी गर्न सक्ने** : प्राकृतिक प्रकोप वा महामारी वा यस्तै बिषम परिस्थितिको अवस्थामा नगर कार्यपालिकाले नगरबासीको हीत र अमन चयन कायम गर्न तत्काल कुनै आदेश वा निर्देशन जारी गर्नु पर्ने
आवश्यक देखेमा त्यस्तो आदेश वा निर्देशन जारी गर्न सक्ने छ।

तर यस्तो आदेश वा निर्देशन जारी गर्दा प्रचलित कानूनको भवनाको अनुकूल हुने गरी जारी गर्नु पर्नेछ।

**६.यस ऐन बमोजिम हुने** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐनमा लेखिएको कुरामा यसै ऐन
बमोजिम हुनेछ।

**७. बचाउ** : यस ऐन लागु हुनु पूर्व भए गरेका निर्णय एवम निर्माण गरिएका नियम, निर्देशिका, कार्यबिधि तथा
मापदण्डहरु यसै ऐन बमोजिम भएको मानिने छ।

प्रमाणिकरण मितिः २०७४/१२/२९ गते